# झापा राजपत्र

झापा गाउँपालिकाद्धारा प्रकाशित

खण्ड-४ संख्या-६, मिति २०७९।०५।०२


## भाग-२

## झापागाउँपालिका

## गाउँ कार्यापालिकाको सूचना

झापा गाउँ कार्यपालिकाको करार सेवाका कर्मचारीको सेवा सुबिधा

सम्बन्धी कार्यविधि - २०७९

## झापा गाउँ कार्यपालिकाको करार सेवाका कर्मचारीको सेवा सुबिधा सम्बन्धी कार्यविधि २०७९

### प्रस्तावनाः

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) वमोजिम झापा गाउँपालिकाले झापा गाउँपालिकाका करार सेवाका कर्मचारीको सेवा सुबिधा सम्बन्धी कार्यविधि २०७९ निर्माण गरिएको छ ।

### भाग- १
### प्रारम्भिक

१. **कार्यविधिको नाम** : यस कार्यविधिको नाम झापा गाउँपालिकाका करार सेवाका कर्मचारीको सेवा सुबिधा सम्बन्धी कार्यविधि २०७९ रहेको छ ।

२ **कार्यविधि लागू हुने** : यो कार्यविधि झापा गाउ कार्यपालिकाको बैठकवाट पारित भएको मिति देखि लागू हुनेछ ।

### भाग – २

३ परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यालय" भन्नाले झापा गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय वा मातहतका कार्यालयलाई बुझिन्छ ।

ख) "कार्यालय समय" भन्नाले नेपाल सरकारले तोके अनुसारको समयलाइ बुझिन्छ ।

ग) "कर्मचारी " भन्नाले झापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय वा मातहतका कार्यालयमा कार्यरत स्थानीय सेवामा कार्यरत करार सेवाका कर्मचारीलाई बुझिन्छ ।

४. सेव सुविधा :- झापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतको कार्यालयमा कार्यरत स्थानीय सेवाका कर्मचारीलाई देहायका सेवा सुविधा प्रदान गरिनेछ ।

क) घर विदा :- संचित नहुने गरि मासिक १(एक) दिन का दरले,

ख) विरामी विदा :- संचित नहुने गरि मासिक १(एक) दिन का दरले,

ग) किरिया विदा:- कर्मचारी स्वयम् किरिया बस्नु पर्ने भएमा 15 दिन,

घ) सुत्केरी विदा :- स्थानीय सेवाका कर्मचारीलाई 98 दिन,

ङ) सुत्केरी स्यहार विदा :- वढीमा 7 दिन, सेवा अवधिमा दुई पटक मात्र,

४ सामाजिक सुरक्षाको व्यवस्था :- १ बर्ष भन्दा समय कार्यालयमा कार्यरत कर्मचारीलाई सामाजिक सुरक्षामा आवद्ध गर्न कर्मचारीको मासिक तलबबाट 10 प्रतिशत कट्टा गरी सोहि बरावरको रकम कार्यालयले थप गरी कर्मचारी संचयकोषमा जम्मा गर्नेछ ।

५) पोसाक सम्बन्धि व्यवस्था :- कार्यालयमा छ महिना भन्दा बढी कार्यरत रहेको कर्मचारीलाई वर्षमा 1(एक) पटक पोसाक भत्ताको लागि नेपाल सरकारले तोको वमोजिम पोसाक भत्ता प्रदान गरिनेछ ।तर आ.व. २०७९/८० को लागि भने करार सम्झौता भए अनुसार

६) चाडपर्व खर्च :- कर्मचारीलाई कर्मचारीको मुख्य चाडपर्वको अवसरमा मासिक रुपमा खाई पाई आएको तलब वरावरको १ महिनाको तलब चडपर्व खर्च स्वरुपमा प्रदान गरिनेछ ।

७) अन्य व्यवस्था :- यस कार्यविधिमा उल्लेख भएका सेवा सुविधाहरु अधिकार नभई सुविधा मात्र हुनेछ ।